# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bhratpur, Chitwan, Nepal

प.सं.
च.नं. ६०६८

मिति :२०७६ /०१/ २४

विषय : **सहभागीहरुको नामावली पठाइदिने बारे।**

श्री वडा कार्यालय (सबै)
भरतपुर महानगरपालिका, चितवन ।

भरतपुर महानगरपालिका र भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) बीच भएको सहमति बमोजिम स्थानीय स्तरमा संकटासन्नता क्षमता लेखाजोखा सम्बन्धि तथ्यांक संकलन गर्न वडा स्तरीय विपद् व्यवस्थापन समितिले चयन गरेका दुई जना स्थानीय स्वयमसेवकहरुका लागि तपशीलको मिति, समय र स्थानमा **संकटासन्नता क्षमता लेखाजोखा तालिम (Vulnerability Capacity Assessment Training)** संचालन हुने भएकोले त्यस वडाबाट देहायको मापदण्डका आधारमा दुई(२) जना सहभागी छनौट गरी मिति २०७६ बैशाख २७ गते भित्र **सहभागीहरुको नामावली र सम्पर्क नम्बर** यस महानगरपालिकाको विपद् व्यवस्थापन शाखामा पठाइदिनुहुन वा तपशीलको सम्पर्क व्यक्तिको ईमेल ठेगानामा पत्राचार गरिदिनुहुन अनुरोध छ ।

**सहभागी छनौटको मापदण्डः**

- सहभागीहरु सामान्यतया २० देखी ३० वर्ष उमेर समुहको हुनुपर्नेछ ।
- सहभागीहरुको योग्यता कम्तिमा १० जोड दुई उत्तिर्ण भएको हुनुपर्नेछ ।
- विपद् जोखिम न्यूनीकरण कार्यमा रुची भएका युवा युवतीलाई प्राथमिकता दिनुपर्नेछ ।
- सहभागीहरु तालिम लगतै कम्तिमा ७ दिन देखि बढीमा १५ दिन सम्म फिल्डमा कार्य गर्न सक्षम हुनुपर्नेछ ।
- सहभागीहरु छनौट गर्दा वडास्तरीय विपद् व्यवस्थापन समिति बाहिरका व्यक्तिहरु पनि छनौट गर्न सकिनेछ ।

**मिति,समय र स्थानः२०७६/०१/३० देखि जेष्ठ ०१ गते सम्म विहान ९ बजे बाट(वडानं १ देखि १२ र २९-चेतना भिलेज, भरतपुर ७)**
:२०७६/०२/०३ देखि ०५ गते सम्म विहान ९ बजेबाट (वडा नं १३ देखि २८ – होटल डि.जि.बि. कटेज रेष्टुरेण्ट,पार्वतीपुर )

**सम्पर्क व्यक्ति : झलक कुमार श्रेष्ठ (अधिकृतस्तर सातौं)**
**Email : jhalakkumarshrestha@gmail.com**
**मोबाइल नं : ९८६१३४५१८२**

२०७६।१।२४

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मितिफाल्गुन २७, २०७३)

Scanned by CamScanner